नियम संख्या : १२

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/११/११

# कैलारी गाउँपालिकाको न्यायिक समिति संचालन कार्यविधि, २०७४

**कैलारी गाउँपालिका**

**कैलाली, जिल्ला**

**७ नं. प्रदेश**

**नेपाल**

## कैलारी गाउपालिका हसुलिया कैलाली
## **न्यायिक समिति संचालन कार्यविधि २०७४**

**प्रस्तावना :-**

लामो संघर्ष र बलिदानीको उपलब्धी बाट गठित नेपालको ऐतिहासिक संबिधान सभा बाट २०७२ साल असोज ३ गते नेपालको संबिधान जारि भयो जन्ताको सार्वभौम अधिकार , स्वयतता र स्वशासन को अधिकार लाई आत्मसाथ गर्दै नेपालको इतिहासमा पहिलो पटक स्थानिय तहको संरचना लाई संबिधानमा नै व्यवस्था गरियो । संविधानले केन्द्रीकित र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडन को अन्त गर्न लक्ष्य लिएको छ । आर्थिक समान्ता , सम्बृद्धी र समाजीक न्याय सुनिच्चित गर्न तथा अन्यायमा परेका व्यक्तिहरुलाई न्यायिमा पहुच , सरल तथा सुलभ बनाउने उद्देश्यले स्थानिय सरकार संचालन गर्ने व्यवस्थापिका शंसद बाट जारि भएको स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धि व्यवस्था रहेको छ । संविधानको धारा २१७ बमोजिम स्थानिय विवाद निरुपन गर्न एक न्यायिक समितिलाई कानूनले तोकेका विवादहरुमा मेलमिलाप गराउने वा निर्णय गरि विवाद समाधान गर्ने अधिकार तोकेको छ । यस काम कारवाही नियमित एवं प्रभाप कारि बनाउन गाउा कार्यपालिका बाट स्विकृत गरि यो कार्यविधी जारि गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भीक

**संक्षिप्त नाम र प्रारम्भ :-**

१) यस नियमावलीको नाम कैलारी गा.पा.अन्तर्गत रहेको न्यायिक समिति संचालन कार्यविधि २०७४ रहेको छ ।
२) यो कार्यविधि गाउासभा बाट स्वीकृत भए पछी प्रारम्भ हुने छ ।
३) यो कार्यविधिको कार्य क्षेत्र कैलारी गा.पा.अर्थात वडा नं. १ देखी वडा नं. ९ सम्म हुने छ ।

**परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

१) "कार्य बिधि" भन्नाले न्यायिक समिति संचालन कार्यविधि २०७४ लाई सम्झनु पर्छ ।
२) "न्यायिक समिति" भन्नाले कैलारी गा.पा.को उपाध्यक्षको संयोजकत्वमा नेपालको संविधानको धारा २१७ बमोजिम गठित दुई सदस्यलाई सम्झनु पर्छ ।
३)"अध्यक्ष" भन्नाले कैलारी गा.पा.को अध्यक्षलाई सम्झनु पर्छ ।
४) "उपाध्यक्ष" भन्नाले कैलारी गा.पा.को उपाध्यक्षलाई सम्झनु पर्छ ।
५) "संयोजक" भन्नाले कैलारी गा.पा.को उपाध्यक्ष लाई सम्झनु पर्छ ।
६) "सदस्य" भन्नाले न्यायिक समितिको २ जना सदस्यलाई समझनु पर्छ ।
७) "बैठक" भन्नाले विवादित पक्ष र विपक्षहरुको विवाद निरुपन गर्नको लागि गरिएको छलफल वा समितिले गर्ने अन्य कामलाई सम्झनु पर्छ ।
८) "अदालत" भन्नाले नेपाल सरकारले निर्धारण गरिएको जिल्ला अदालत , उच्च अदालत र सर्वोच्च अदालतलाई सम्झनु पर्छ ।

९)"मेलमिलाप केन्द्र" भन्नाले यस कैलारी गा.पा.अन्तर्गत स्थापना भई सुचिकृत भएको मेलमिलाप केनद्रलाई सम्फनु पर्छ ।

१०) "मेलमिलापकर्ता "भन्नाले यस कैलारी गा.पा.मा सुचिकृत भई मेलमिलाप केन्द्रमा विवाद निरुपन गर्ने लाई सम्फनु पर्छ ।

११) "भलमन्सा /वडघर"भन्नाले थारु समाजमा व्याप्त कुरिती , अन्धविश्वास र अज्ञायान्ता जस्ता बिकृतिहरु को निराकरण गरि स्वथ्य र चेतनसिल समाजको निर्माण तथा समाज विकासको मूलभावी शक्तीको श्रोतलाई सम्फनु पर्छ । अर्थात समुदायीक विकासको लागि अगुवाई गर्ने व्यक्तीलाई सम्फनु पर्छ ।

१२) "क्लव" भन्नाले संस्था दर्ता ऐन २०३४ बमोजिम नेपाल सरकारको नियम बमोजिम संगठन लाई विधान द्धारा व्यवस्थित भएको जमातलाई सम्फनु पर्छ ।

१३) "स्थानिय तह" भन्नाले कैलारी गाउाकार्यपालिका लाई सम्फनु पर्छ ।

१४) " कोष" भन्नाले गाउासभाले न्यायिक समितिको विवाद निरुपन गर्न को लागि छुत्याएको रकमलाई सम्फनु पर्छ ।

१५) "इजलास" भन्नाले विवाद निरुपनको लागि छलफल गर्ने कोठा /ठाउा लाई सम्फनु पर्छ । जस्मा संयोजकको वसाई विचमा हुने छ । दायाा र बायाा सदस्यहरुको बसाई हुने छ । इजलासको लागि छुट्टै कोठाको व्यवस्था गर्नु पर्ने छ ।

१६) "बेन्च" भन्नाले विवादित पक्ष ,विपक्ष तथा सांक्षीहरुको लागि बस्ने ठाउालाई सम्फनु पर्छ

## परिच्छेद २

## न्यायिक समितिको अधिकार क्षेत्र

१७) न्यायिक समितिलाई देहायीका विवाद निरुपन गर्ने अधिकार हुने छ ।

क) आलीधुर ,बाध पैनी , कुलो वा पानिघाटको बाडफाड तथा उपयोग ।

ख) अर्काको वाली नोक्सानी गरेको ।

ग) चरण , घांस , दाउरा ।

घ) ज्यालामज्दुरी नदिएको ।

ङ) घरपालुवा पशुपंक्षि हराएको वा पाएको ।

च) जेष्ठ नागरिकको पालन पोष्ण तथा हेरचाह नगरेको ।

छ) नावालक छोरा छोरी वा पति पत्नी लाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको ।

ज) वार्षिक पच्चिस लाख रुपैया सम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा ।

झ) अन्य व्यक्तीको घर , जग्गा वा सम्पती लाई असर पर्ने गरि रुख विरुवा लगाएको ।

ञ) आफनो घर वा छाना बाट अर्काको घर , जग्गा वा सार्वजनिक बाटोमा पानि झारेको ।

ट) संधियारको जग्गा तर्फ झयाल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोडनु पर्ने परिनामको जग्गा नछोडी बनाएको ।

ठ) कसैको हक वा स्वामित्वमा भए पनी प्रापूर्व देखी सार्वजनिक रुपमा प्रयोग हुदै आएको बाटो , बस्तु भाउ निकाल्ने निकास , बस्तु भाउ चराउने चौर , कुलो , नहर , पोखरी पाती पौवा अन्त्यष्टी स्थल , धार्मीक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा वाधा पुरयाएको ।

ड) संधिय वा प्रदेश कानूनले स्थानिय तह बाट निरुपन हुने भनी टोकेका अन्य विवाद ।

१८) न्यायिक समितिलाई देहायका विवादहरुमा मिलापत्रको माध्यम बाट मात्र विबाद निरुपन गर्न अधिकार हुने छ ।

क) सरकारी , सार्वजनिक वा सामुदायीक बाहेक एकाको हकको जग्गा अर्काले च्यापी , मिचि वा घुसायी खाएको ।

ख) सरकारी , सार्वजनिक वा सामुदयिक बाहेक आफनो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको

ग) पति पत्नी विचको सम्बन्ध विच्छेद

घ) अंग भंग बाहेकको वढीका १ वर्ष सम्म कैदहुन सक्ने कुतपित

ङ) गालि वेज्जती

च) लुतपित

छ) पशुपंक्षी ,छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापारवाही गरी अरुलाई असर पारेको

ज) अरुको आवासमा अनधिकृत प्रवेस गरेको

झ) अर्काको हकभोकमा रहेको जग्गा आवाद वा भोगचलन गरेको

ञ ) ध्वनी प्रदुष्ण गरि वा फोहर मैला फयाकी छिमेकी लाई असर पुरयाएको

ट) प्रचलीत कानून बमोजीम मेल मिलाप हुन सक्ने व्यक्ती वादी भई दायर हुने अन्य देवानी र एक वर्ष सम्म कैद हुन सक्ने फौजदारी विवाद

१९) दफा १८ बमोजिमको विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दादायर गर्न वाधा परे को मानिने छैन ।

२०) यस दफामा उल्लेखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकीएकोमा सोही म्याद भित्र र कुनै हदम्याद नतोकीएकोमा त्यस्तो कार्य भएको भए गरेको मिति ले ३५ दिन भित्र न्यायिक समिति समक्ष निवेद दिनु पर्ने छ ।

**स्पस्तिकरण** : यस परिच्छेदको प्रयोजनका लागि निवेदन भन्नाले उजुरी वा फिराड लाई समेत जनाउछ ।

## परिच्छेद ३

### अधिकार क्षेत्रको प्रयोग :

२१) न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरुले सामुहिक रुपले गर्ने छन् र बहुमतको राई न्यायिक समितिको निर्णय मानिने छ ।

२२) दफा २१ मा जुन सुकै कुरा लेखिएको भएतापनी न्यायिक समितिको संयोजक र एक जना सदस्यको उपस्थिती भएमा विवादको कारवाही र किनारा गर्न सकिने छ ।

२३) न्यायिक समितिको संयोजक बाहेक  अरु २ जान सदश्यको उपस्थिती भएमा विवादको किनारा गर्न बाहेक अरु कामकारवाहि गर्न सकिने छ ।

२४) कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य २ जना सदश्यको सर्वसहमतीमा विवादको कारवाही र किनारा गर्न सकिने छ ।

२५)यस दफामा अनेत्र जुनसुकै कुरा लेखीएको भए तापनी कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदश्यको निजी सरोकार वा स्वार्थ गासिएको वा त्यस्तो संयोजक वा सदश्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजवाट सो विवादको कारवाही र किनारा हुन सक्ने छैन ।

२६) दफा ( २५ ) बमोजिम कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारवाही र किनारा गर्न सक्नेछन् । संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारवाही र किनारा गर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारवाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ ।

२७) दफा (२६) बमोजिम को विवादको कारवाही र किनारा गर्दा ३ जना सदस्य मध्य को जेष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्ने छ ।

## परिच्छेद ४

## न्यायिक सम्पादनको प्रकिया

२८) न्यायिक समितिले आफु समक्ष पेश भएको विवाद को निवेदन दर्ता गरि दर्ताको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्ने छ ।

२९) न्यायिक समितिले आफु समक्ष पेश भएको विवादको निवेदनको कार्वाही र किनारा गर्दा सम्भव भए सम्म मेलमिलाप गर्न प्रोतसाहीत गरि दुवै पक्षको सहमतीमा मिलापत्र गराउनु पर्ने छ । पक्षहरु विच मिलापत्रहनु नसकेमा दफा २८ मा उल्लेखित विवादमा न्यायिक समितिले कानून बमोजिम विवादको कार्वाही र किनारा गर्नु पर्ने छ ।

३०) दफा (२९) बमोजिम मिलापत्र गराउदा न्यायिक समितिले आफुले सुचिकृत गरेको मेलमिलाप कर्ता बाट गराउनु पर्ने छ ।

३१) न्यायिक समितिले दफा ३० मा उल्लेखित विवादमा प्रती बादी उल्लेखीत भएको मितिले ३ महिना भित्र मेलमिलापको माध्यम बाट टुंग्याउनु पर्ने छ । सो अवधी भित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेखगरी पक्ष लाई अदालत जान सुनाई विवाद र सो संग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाई दिनु पर्ने छ ।

३२) दफा (३१) बमोजीम पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलीत कानून बमोजिम सो मुदाको कार्वाही र किनारा गर्नु पर्ने छ ।

३३) न्यायिक समितिले आफु समक्ष परेको विवादमा बादीले प्रति बादिको नाममा कुनै बैंक , कम्पनी वित्तिय संस्था वा अन्य कुनै निकायमा रहेको खाता , निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम एथास्थितीमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतीवादीको हकभोकको कुनै अचल सम्पती कसैलाई कुनै पनी व्यहोराले हक हस्त्रान्तन गर्न बाट रोक्का गर्नको लागि निवेदन दिएमा न्यायिक समितिले प्रारम्भीक जाच बुझ बाट सो बमोजिम गर्न उपयुक्त देखीएमा अवधी तोकी रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ । र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरि त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्ने छ ।

३४) उपदफा (३३) बमोजिम रोक्का भएकोमा प्रतिवादीले त्यस्तो रोक्का फुकवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदन बमोजिम रोक्का फुकवा गर्न मनासिव देखिएमा रोक्का फुकवा को लागि सम्बन्धित निकायमा लेखि पठाउने छ । र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकवा गरि त्यसको जानकारी न्यायिक समितिलाई जानकारी दिनु पर्ने छ ।

३५) दफा (३४ ) बमोजिम न्यायिक समितिले अधिकार क्षेत्र प्रयोग गर्दा पति पत्नि बिचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धि विवादमा पिडित निजको नाबालक सन्तान वा निज संग आश्रीत अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षनात्मक आदेस समेत दिन सक्ने छ ।

क) पिडित लाई निज बसि आएको घरमा बसोबास गर्न दिन , खानलाउन दिन ,कुतपित नगर्न तथा सिस्त र सभ्य व्यवहार गर्न

ख) पिडित लाई शारिरीक वा मानसिक चोत पुगेको भएमा उपचार गराउन

ग) पिडित लाई अलग रुपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरण पोषणको लागि उचित व्यवस्था गर्न

घ) पिडित लाई गालिगलौज गर्ने,धम्कीदिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन

ङ) पिडितको हित र सुरक्षाको लागि अन्य आवस्यक र उपयुक्त कुरा गर्न वा गराउन

३६) दफा (३५) बमोजिमको विवादमा न्यायिक समितिले मेलमिलाप गराउन प्रयोजनको लागि प्रत्यक वडा मा मेलमिलाप केन्द्र गठन गर्न सक्ने छ ।

३७) दफा (३६) बमोजिमको कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष प्रतिवादी उपस्थित हुनु पर्ने म्यादकिटिएको भए सोही म्याद भित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्ध्र दिन भित्रै प्रतिबादी आफै वा आफनो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनु पर्ने छ ।

३८) कुनै वडा मा एक भन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरुले रोजेको वा सो बिषयमा पक्षहरु बिच सहमती नभएमा सो वडाको कुनै मेलमिलाप केनद्रमा मेलमिलाप द्धारा विवाद समाधानको लागि पठाउन सक्ने छ ।

## परिच्छेद ५

## लिखित जानकारी दिनु पर्ने :

३९) न्यायिक समिति बाट विवादको अन्तिम निर्णय भएको मितिले ३५ दिन भित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपी उपलब्ध गराउनु पर्ने छ ।

४०) पुनरावेदन गर्न सक्ने : न्यायिक समितिबाट भएको निर्णयमा चित्तनबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ ।

### ४१) मिलापत्र वा निर्णय कार्यन्वयन गर्ने :

१) कार्यपालिकाले न्यायिक समिति बाट भएको मिलापत्र वा निर्णयको तत्तकाल कार्यन्वयन गर्नु गराउनु पर्ने छ ।

२) न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णय कार्यान्वयन सम्बन्धि अन्य व्यवस्था स्थानिय कानून बमोजिम हुने छ ।

## परिच्छेद ६

## अभिलेक राख्नु पर्ने :

४२) गाउापालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवाद संग सम्बन्धित लिखत मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रुपमा राख्नु पर्ने छ ।

४३) न्यायिक समितिले आफुले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नु पर्ने छ ।

४४) **न्यायिक समितिका सदस्यहरुको सेवा सुविधा** :- कैलारी गाउाकार्यपालिकाको गाउासभाले तोके बमोजिमको हुने छ ।

४५) **निवेदन दर्ता तथा वक्सौनी दस्तुर** : - कैलारी गाउाकार्यपालिकाको गाउासभाले तोके बमोजिमको हुने छ ।

४६)**मेलमिलाप केन्द्र को सन्चालन र व्यवस्थापन** :- कैलारी गाउाकार्यपालिकाको गाउासभाले तोके बमोजिमको हुने छ ।

क) मेलमिलाप गराउदा सुचिकृत भएको मेलमिलापकर्ताहरु संग मात्र गराउनु पर्ने छ ।

ख) सुचिकृत भएको मेलमिलाप केन्द्रहरुले चौमासीक प्रगतीप्रतीवेदन न्यायिक समिति मा पेश गर्नु पर्ने छ ।

ग) सुचिकृत भएको मेलमिलाप् केन्द्रहरुले गरेको मिलापत्रमा प्रमाणीत गर्ने काम न्यायिक समितिको संयोजकको हुने छ ।

घ) मेलमिलापकेन्द्रमा दर्ता भएको कागजात सुरक्षित संग राख्नु पर्ने छ ।

ङ) मेलमिलाप केन्द्रमा विवाद निरुपनका लागि आर्थिक तथा प्राविधिक सहयोग न्यायिक समितिको हुने छ ।

४७) न्यायिक **समितिको** अवधी संयोजक बाहेक २ सदस्यहरुको अवधी कार्यसम्पादन , मूल्यांकनको आधारमा थप गर्न सकिने छ ।

४८) **गाउासभा र न्यायिक समिति** :- गाउा सभाले निर्वाचीत सदस्य मध्यबाट निर्वाचीत २ जना सदस्य न्यायिक समितिको सदस्यमा निर्वाचित हुने छन । समितिका सदस्यले गाउासभाको अध्यक्ष समक्ष पद तथा गोपनियता को सपथ लिई कार्य थालनी गर्न छ । न्यायिक समितिले आफनो कामकारवाहीको वार्षिक प्रतिवेदन गाउासभामा पेश गर्नु पर्ने छ । न्यायिक समितिका संयोजक र सदस्य मध्य २ जना वा सो भन्दा बढी सदस्यले विवाद निरुपन गर्न नमिल्ने भएमा गाउासभा बाट आर्को समिति गठन गर्ने व्यवस्था समेत भए बाट न्यायिक समिति गाउासभाप्रती पूर्णत जवाफदेही र उत्तरदायी रहनु पर्ने छ ।

४९) **कार्यविधि संसोधन गर्न सक्ने** : संसोधित कार्यविधि कैलारी गाउा कार्यपालिकाको गाउासभामा पेश गरि उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतले अनुमोदन गरिने छ । तर संसोधनको प्रकिया पुरा नगरि संसोधन गर्नु पूर्वगाउाकार्यपालिका मा स्वकृत लिने छ ।

५०) **नियमविनियम बनाउने अधिकार** : न्यायिक समिति संचालन कार्यविधि २०७४ संसोधन आवस्यक्ता भएको समयमा गाउाकार्यपालिकाको सामान्य बहुमत बाट गर्न सक्ने छ ।

५१) **बाधाअर्चन फुकाउन सक्ने** :- यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यन्वयनमा कुनै बाधाअर्चन आई परेमा गाउाकार्यपालिकाले यस्तो वाधा अर्चन फुकाउने छ ।